आज मिति २०७९ साल पौष ०८ गते शुक्रबार नेपालको संविधानको धारा २१६ अनुसार गठित नमोबुद्ध नगरपालिकाका, नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्रीमान् कुनसाङ लामाज्यूको अध्यक्षतामा देहायका कार्यपालिका सदस्यज्यूहरुको उपस्थितमा ९ (नवौं) बैठक बसी निम्न बमोजिमको निर्णय गरीयो।

<u>उपस्थिति</u>

१. नगर प्रमुख: श्रीमान् कुनसाङ लामा

२. नगर उपप्रमुख: श्री रत्न बहादुर लामा

३. वडा अध्यक्ष वडा नं. १ : श्री प्रेम बहादुर तामाङ

४. वडा अध्यक्ष वडा नं. २ : श्री कवि राज श्रेष्ठ

५. वडा अध्यक्ष वडा नं. ३ : श्री रमेश तिवारी

६. वडा अध्यक्ष वडा नं. ४ : श्री अर्जुन बहादुर कार्की

७. वडा अध्यक्ष वडा नं. ५ : श्री सुरे तामाङ

८. वडा अध्यक्ष वडा नं. ६ : श्री टिका बहादुर के.सी.

९. वडा अध्यक्ष वडा नं. ७ : श्री धर्म सिं लामा

१०. वडा अध्यक्ष वडा नं. ८ : श्री शेर बहादुर तामाङ

११. वडा अध्यक्ष वडा नं. ९ : श्री विर बहादुर लामा

१२. वडा अध्यक्ष वडा नं. १० : श्री रामकृष्ण उपाध्याय

१३. वडा अध्यक्ष वडा नं. ११ : श्री कृष्ण बहादुर तामाङ

१४. नगर कार्यपालिका सदस्य : श्री वेली निलम लामा

१५. नगर कार्यपालिका सदस्य : श्री शान्ति तामाङ

१६. नगर कार्यपालिका सदस्य : श्री असली माया मोक्तान

१७. नगर कार्यपालिका सदस्य : श्री गीता श्रेष्ठ

१८. नगर कार्यपालिका सदस्य : श्री वुद्ध कुमारी तामाङ

१९. नगर कार्यपालिका सदस्य: श्री शुसिला परियार

२०. नगर कार्यपालिका सदस्य : श्री सुरेश तोलाङ्गे (सार्की)

२१. नगर कार्यपालिका सदस्य : श्री गोपाल नेपाली

२२. सदस्य सचिव (प्रमुख प्रशासकीय अधिकृत) : श्री शिव प्रसाद लम्साल

छलफलका लागि पेश भएका विषयहरु:

१. विभिन्न परिपत्र सम्बन्धमा।
२. आर्थिक वर्ष २०७९/०८० को लागि दोश्रो नगर सभाको पहिलो अधिवेशनबाट स्वीकृत भएको वार्षिक विकास योजना (नीति, कार्यक्रम तथा बजेट) कार्यान्वयन गर्ने सम्बन्धमा।
३. नमोबुद्ध नगरपालिकाको खेलकुद संचालन कार्यविधि, २०७९ सम्बन्धमा।
४. बागमती प्रदेश सरकार पूर्वाधार विकास कार्यालयबाट कार्यान्वयन हुने योजनाहरुको उपभोक्ता समिति गठन गर्ने सम्बन्धमा।
५. विविध।

निर्णयार्थ पेश भएका विषयहरु:

१. कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको समीक्षा सम्बन्धमा।
२. दोश्रो नगर सभाको दोश्रो अधिवेशन (हिउँदे अधिवेशन) को मिति तथा समय तोक्ने सम्बन्धमा।
३. वडा नम्बर ०२ अन्तर्गत श्री भिमेश्वर आधारभूत विद्यालयमा स्वच्छ खानेपानी व्यवस्थापन निर्माणको लागि जग्गा उपयोग गर्ने सम्बन्धमा।
४. वडा नम्बर ०९ अन्तर्गत श्रीकृष्ण माध्यमिक विद्यालयको घेराबार निर्माणको जग्गा उपयोग गर्ने सम्बन्धमा।
५. वडा नम्बर ०८ अन्तर्गत श्री सेतीदेवी आधारभूत विद्यालयको घेराबार निर्माणको जग्गा उपयोग गर्ने सम्बन्धमा।
६. वडा नम्बर ०१ अन्तर्गत ठाँटिथोक खेलमैदान निर्माणको लागि जग्गा उपयोग गर्ने सम्बन्धमा।
७. वडा नम्बर ०९ अन्तर्गत गहते डिही खेलमैदान निर्माणको लागि जग्गा उपयोग गर्ने सम्बन्धमा।
८. वडा नम्बर ०८ अन्तर्गत पिपलटार कभर्डहल निर्माणको लागि जग्गा उपयोग गर्ने सम्बन्धमा।
९. वडा नम्बर ११ अन्तर्गत कुरुगाउँ खेलमैदान निर्माणको लागि जग्गा उपयोग गर्ने सम्बन्धमा।
१०. वडा नम्बर ०४ अन्तर्गत नमोबुद्ध कभर्डहल घेराबार मर्मत सम्भारको लागि जग्गा उपयोग गर्ने सम्बन्धमा।
११. आर्थिक वर्ष २०७९/०८० को लागि संघीय सरकारलाई प्रठाउने समपुरक तथा विशेष अनुदानका योजनाहरुको सम्बन्धमा।
१२. आर्थिक सहयोग सम्बन्धमा।
१३. दोश्रो नगर सभाको दोश्रो अधिवेशन (हिउँदे अधिवेशन)का लागि संशोधन गर्ने आयोजना तथा कार्यक्रम माग गर्ने सम्बन्धमा।
१४. नगर विकास कोषसँग आयोजना तथा कार्यक्रम माग गर्ने सम्बन्धमा।

१५. अधिकार प्रत्यायोजन सम्बन्धमा।

१६. विविध।

निर्णयहरु:

निर्णय नम्बर १:

नमोबुद्ध नगरपालिका नगर कार्यपालिकाको विभिन्न मितिमा भएका निर्णयहरुको कार्यान्वयनको अवस्थाको बारेमा समीक्षा गरियो।

निर्णय नम्बर २:

यस नमोबुद्ध नगरपालिकाको आर्थिक वर्ष २०७९/०८० को दोश्रो नगर सभाको दोश्रो अधिवेशन (हिउँदे अधिवेश) मिति २०७९/०९/२१ गते विहिबार दिनको ठिक १:०० बजे नगरपालिकाको सभा हल, भकुण्डेबेशीमा गर्ने।

निर्णय नम्बर ३:

बागमती प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय, सार्वजनिक निर्माण कार्यान्वयन इकाइको प.सं. २०७९/०८०, च.नं. १९६, मिति २०७९/०६/०२ गतेको जानकारी सम्बन्धमा प्राप्त पत्रानुसार आर्थिक वर्ष २०७९/०८० को लागि बागमती प्रदेश सरकारबाट यस नगरपालिकाको वडा नम्बर ०२ अन्तर्गत श्री भिमेश्वर आधारभूत विद्यालयको लागि स्वच्छ खानेपानी व्यवस्थापन निर्माण गर्ने गरी रु. ५,००,००० (पाँच लाख) बजेट सहितको कार्यक्रम स्वीकृत भएकोले सो योजना कार्यान्वयन तथा भौतिक निर्माणका लागि वडा नम्बर ०२ स्थित श्री भिमेश्वर आधारभूत विद्यालय रहेको जग्गा ०२ नम्बर वडा कार्यालय र विद्यालयले स्वामित्व ग्रहण गरी संचालन एवं व्यवस्थापन गर्ने गरी सो योजना कार्यान्वयनको लागि उक्त जग्गा उपयोग गर्न दिने।

निर्णय नम्बर ४:

बागमती प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय, सार्वजनिक निर्माण कार्यान्वयन इकाइको प.सं. २०७९/०८०, च.नं. ११२, मिति २०७९/०६/०५ गतेको जानकारी सम्बन्धमा प्राप्त पत्रानुसार आर्थिक वर्ष २०७९/०८० को लागि बागमती प्रदेश सरकारबाट यस नगरपालिकाको वडा नम्बर ०९ अन्तर्गत श्रीकृष्ण माध्यमिक विद्यालयको घेराबार निर्माण गर्ने गरी रु. १५,००,००० (पन्ध्र लाख) बजेट सहितको कार्यक्रम स्वीकृत भएकोले सो योजना कार्यान्वयन तथा भौतिक निर्माणका लागि वडा नम्बर ०९ स्थित श्रीकृष्ण माध्यमिक विद्यालय रहेको जग्गा ०९ नम्बर वडा कार्यालय र विद्यालयले स्वामित्व ग्रहण गरी संचालन एवं व्यवस्थापन गर्ने गरी सो योजना कार्यान्वयनको लागि उक्त जग्गा उपयोग गर्न दिने।

निर्णय नम्बर ५:

बागमती प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय, सार्वजनिक निर्माण कार्यान्वयन इकाइको प.सं. २०७९/०८०, च.नं. १२५, मिति २०७९/०६/०५ गतेको जानकारी सम्बन्धमा प्राप्त पत्रानुसार आर्थिक वर्ष २०७९/०८० को लागि बागमती प्रदेश सरकारबाट यस नगरपालिकाको वडा नम्बर ०८ अन्तर्गत श्री सेतीदेवी आधारभूत विद्यालयको घेराबार निर्माण गर्ने गरी रु. १५,००,००० (पन्ध्र लाख) बजेट सहितको कार्यक्रम स्वीकृत भएकोले सो योजना कार्यान्वयन तथा भौतिक निर्माणका लागि वडा नम्बर ०८ स्थित श्रीकृष्ण माध्यमिक विद्यालय रहेको जग्गा ०८ नम्बर वडा कार्यालय र विद्यालयले स्वामित्व ग्रहण गरी संचालन एवं व्यवस्थापन गर्ने गरी सो योजना कार्यान्वयनको लागि उक्त जग्गा उपयोग गर्न दिने।

निर्णय नम्बर ६:

बागमती प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय, सार्वजनिक निर्माण कार्यान्वयन इकाइको प.सं. २०७९/०८०, च.नं. ३३२, मिति २०७९/०७/०१ गतेको जानकारी सम्बन्धमा प्राप्त पत्रानुसार आर्थिक वर्ष २०७९/०८० को लागि बागमती प्रदेश सरकारबाट यस नगरपालिकाको वडा नम्बर ०१ अन्तर्गत ठाँटिथोक खेलमैदान निर्माण गर्ने गरी रु. १०,००,००० (दश लाख) बजेट सहितको कार्यक्रम स्वीकृत भएकोले सो योजना कार्यान्वयन तथा भौतिक निर्माणका लागि वडा नम्बर ०१ स्थित ठाँटिथोक खेलमैदान रहेको जग्गा ०१ नम्बर वडा कार्यालयले स्वामित्व ग्रहण गरी संचालन एवं व्यवस्थापन गर्ने गरी सो योजना कार्यान्वयनको लागि वडाध्यक्षको रोहवरमा गठन भएको उपभोक्ता समितिलाई उक्त जग्गा उपयोग गर्न दिने।

निर्णय नम्बर ७:

बागमती प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय, सार्वजनिक निर्माण कार्यान्वयन इकाइको प.सं. २०७९/०८०, च.नं. ३३८, मिति २०७९/०७/०१ गतेको जानकारी सम्बन्धमा प्राप्त पत्रानुसार आर्थिक वर्ष २०७९/०८० को लागि बागमती प्रदेश सरकारबाट यस नगरपालिकाको वडा नम्बर ०९ अन्तर्गत गहते डिही खेलमैदान निर्माण गर्ने गरी रु. १०,००,००० (दश लाख) बजेट सहितको कार्यक्रम स्वीकृत भएकोले सो योजना कार्यान्वयन तथा भौतिक निर्माणका लागि वडा नम्बर ०९ स्थित गहते डिही खेलमैदान रहेको जग्गा ०९ नम्बर वडा कार्यालयले स्वामित्व ग्रहण गरी संचालन एवं व्यवस्थापन गर्ने गरी सो योजना कार्यान्वयनको लागि वडाध्यक्षको रोहवरमा गठन भएको उपभोक्ता समितिलाई उक्त जग्गा उपयोग गर्न दिने।

निर्णय नम्बर ८:

बागमती प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय, सार्वजनिक निर्माण कार्यान्वयन इकाइको प.सं. २०७९/०८०, च.नं. ३३९, मिति २०७९/०७/०१ गतेको जानकारी सम्बन्धमा प्राप्त पत्रानुसार आर्थिक वर्ष २०७९/०८० को लागि बागमती प्रदेश सरकारबाट यस नगरपालिकाको वडा नम्बर ०८ अन्तर्गत पिपलटार कभर्डहल निर्माण गर्ने गरी रु. २५,००,००० (पच्चीस लाख) बजेट सहितको कार्यक्रम स्वीकृत भएकोले सो योजना कार्यान्वयन तथा भौतिक निर्माणका लागि वडा नम्बर ०८ स्थित पिपलटार कभर्डहल रहेको जग्गा ०८ नम्बर वडा कार्यालयले स्वामित्व ग्रहण गरी संचालन एवं व्यवस्थापन गर्ने गरी सो योजना कार्यान्वयनको लागि वडाध्यक्षको रोहवरमा गठन भएको उपभोक्ता समितिलाई उक्त जग्गा उपयोग गर्न दिने।

निर्णय नम्बर ९:

बागमती प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय, सार्वजनिक निर्माण कार्यान्वयन इकाइको प.सं. २०७९/०८०, च.नं. ३४०, मिति २०७९/०७/०१ गतेको जानकारी सम्बन्धमा प्राप्त पत्रानुसार आर्थिक वर्ष २०७९/०८० को लागि बागमती प्रदेश सरकारबाट यस नगरपालिकाको वडा नम्बर ११ अन्तर्गत कुरूगाउँ खेलमैदान निर्माण गर्ने गरी रु. १०,००,००० (दश लाख) बजेट सहितको कार्यक्रम स्वीकृत भएकोले सो योजना कार्यान्वयन तथा भौतिक निर्माणका लागि वडा नम्बर ११ स्थित कुरुगाउँ खेलमैदान रहेको जग्गा ११ नम्बर वडा कार्यालयले स्वामित्व ग्रहण गरी संचालन एवं व्यवस्थापन गर्ने गरी सो योजना कार्यान्वयनको लागि वडाध्यक्षको रोहवरमा गठन भएको उपभोक्ता समितिलाई उक्त जग्गा उपयोग गर्न दिने।

निर्णय नम्बर १०:

बागमती प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय, सार्वजनिक निर्माण कार्यान्वयन इकाइको प.सं. २०७९/०८०, च.नं. ३४१, मिति २०७९/०७/०१ गतेको जानकारी सम्बन्धमा प्राप्त पत्रानुसार आर्थिक वर्ष २०७९/०८० को लागि बागमती प्रदेश सरकारबाट यस नगरपालिकाको वडा नम्बर ०४ अन्तर्गत नमोबुद्ध कभर्डहल घेराबार तथा मर्मत सम्भार गर्ने गरी रु. १५,००,००० (पन्ध्र लाख) बजेट सहितको कार्यक्रम स्वीकृत भएकोले सो योजना कार्यान्वयन तथा भौतिक निर्माणका लागि वडा नम्बर ०४ स्थित नमोबुद्ध कभर्ड हल रहेको जग्गा ०४ नम्बर वडा कार्यालयले स्वामित्व ग्रहण गरी संचालन एवं व्यवस्थापन गर्ने गरी सो योजना कार्यान्वयनको लागि वडाध्यक्षको रोहवरमा गठन भएको उपभोक्ता समितिलाई उक्त जग्गा उपयोग गर्न दिने।

निर्णय नम्बर ११:

नेपाल सरकार, राष्ट्रिय योजना आयोग, सिंहदरबार, काठमाडौंको मिति २०७९/०८/१९ गते प्रकाशित प्रदेश सरकार र स्थानीय तहमा आर्थिक वर्ष २०८०/०८१ का लागि संघीय समपुरक अनुदान तथा संघीय विशेष अनुदान अन्तर्गत संचालन गरिने आयोजना/कार्यक्रमका लागि प्रस्ताव आह्वान सम्बन्धी सूचनाका लागि यस नगरपालिकाबाट तपशिल बमोजिमका आयोजना/कार्यक्रमका लागि प्रस्ताव पेश गर्ने।

तपशिलः

क. समपुरक अनुदान तर्फः

| क.म. | आयोजना/कार्यक्रमको नाम | कार्यान्वयन हुने स्थान | कैफियत |
|---|---|---|---|
| १ | नौबिसे-काक्रे सडक | वडा नम्बर ०७ | |
| २ | कानपुर-डाँडागाउँ-वि.पि. राजमार्ग सडक | वडा नम्बर ०५ | |
| ३ | बुच्चाकोट-ढुङ्गासाँघु-चरुवा-भेडाबारी-सातमुल बोहोरे सडक | वडा नम्बर ०३ | |

ख. विशेष अनुदान तर्फः

| क.म. | आयोजना/कार्यक्रमको नाम | कार्यान्वयन हुने स्थान | कैफियत |
|---|---|---|---|
| १ | फोहोरमैला व्यवस्थापन केन्द्र निर्माण | नगर स्तरीय | |

निर्णय नम्बर १२:

जिल्ला समन्वय समिति, धुलिखेल, काभ्रेपलाञ्चोकको प.सं. २०७९/०८०, च.नं. १४८, मिति २०७९/०८/२१ गतेको लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानको सन्दर्भमा आयोजित कार्यक्रमको लागि आर्थिक सहयोग माग गरी आएको सम्बन्धमा छलफल हुंदा लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानको सन्दर्भमा जिल्ला समन्वय समितिको समन्वय तथा सबै स्थानीय तह, सरकारी कार्यालयहरु र गैर सरकारी संस्था महासंघ, काभ्रेपलाञ्चोकको संयुक्त आयोजनामा मिक्ति २०७९/०८/२३ गते सम्पन्न भएको बृहत कार्यक्रमको समग्र व्यवस्थापन गर्दा लागेको खर्च मध्ये रकम रु. २,००,००० (दुई लाख) यस नगरपालिकाबाट सिधै आर्थिक सहयोग प्रदान गर्ने।

निर्णय नम्बर १३:

मिति २०७९/०९/२१ गते हुने आर्थिक वर्ष २०७९/०८० को दोश्रो नगर सभाको दोश्रो अधिवेशन (हिउँदे अधिवेश) का लागि यस नगरपालिकाको दोश्रो नगर सभाको पहिलो अधिवेशनबाट आर्थिक वर्ष २०७९/०८०को लागि स्वीकृत भएको वार्षिक नगर विकास योजनामा रहेका वडा स्तरीय कार्यक्रम तथा

बजेट माथिको संशोधन तथा केहि विशेष प्रस्ताव भएमा वडा समितिको निर्णय सहित लिखित रुपमा मिति २०७९/०९/१२ गते भित्र यस नगरपालिकामा जानकारी गराउने।

निर्णय नम्बर १४:

नमोबुद्ध नगरपालिकाको वडा नम्बर ०२ र वडा नम्बर ०३ का क्षेत्रहरुमा एकीकृत तथा व्यवस्थित बस्ति विकास (land Pooling) का कार्यक्रमहरु संचालनको लागि सम्भाव्ता अध्ययन, सम्बन्धित सरोकारवालासँग छलफल तथा सहकार्यमा सो योजना संचालन तथा कार्यान्वयन गर्न नगर विकास कोषलाई अनुरोध गर्ने साथै धुलिखेल र नमोबुद्ध नगरपालिकाको पर्यटन विकासका लागि धुलिखेल-नमोबुद्ध-दाप्चा मोनो रेल लगायत अन्य नमोबुद्ध क्षेत्रको पर्यटन पूर्वाधार विकासका कार्यक्रमका लागि सम्भाव्ता अध्ययन गर्न र यस नमोबुद्ध नगरपालिका वडा नम्बर ०३ मा निर्माण हुन लागेको उर्जा कियायती अन्न भण्डारण तथा प्रशोधन प्रविधिको उपयोग, व्यवसायीक तरकारी तथा फलफुल खेतीको लागि बजार प्रबर्द्धन कार्यक्रमका लागि आवश्यक पर्ने बजेट व्यवस्थापनका लागि समेत नगर विकास कोषलाई अनुरोध गर्ने।

निर्णय नम्बर १५:

नमोबुद्ध नगरपालिकाको संस्था दर्ता ऐन, २०७७ को दफा ४ मा उल्लेख संस्थाको दर्ता सम्बन्धमा उपदफा (३) मा स्थानीय अधिकारीले आवश्यक जाचँबुझ गरी संस्था दर्ता गर्न उचित ठानेमा कार्यपालिका बैठकमा पेश गर्ने उल्लेख भएकोमा संस्था दर्ता गर्ने अधिकार नगर प्रमुखलाई दिने।